# स्थानीय राजपत्र

**बेसीशहर नगरपालिकाद्धारा प्रकाशित**

**खण्ड १, संख्या २५, फागुन २६ गते, २०७५ साल**


**स्थानीय सरकार सञ्चालन ऐन, २०७४** को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी बेसीशहर नगर कार्यपालिकाले देहायको कार्यविधि जारी गरेको छ ।

# भाग २

## बेसीशहर नगरपालिका महिला नगर समन्वय समिति (गठन तथा कार्यसञ्चालन) कार्यविधि, २०७५

**प्रस्तावना** :

नेपालको संविधान एवं प्रचलित कानूनले सबै प्रकारका लैङ्गिक विभेदको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने कुरा उल्लेख गरे अनुसार समग्र महिलावर्गको सीप तथा क्षमता विकास, आर्थिक सशक्तीकरण एवं नीतिनिर्माण तहमा पहुंच अभिवृद्धि गरी लैगिक दृष्टिले समानतामा आधारित सुरक्षित एवं न्यायपूर्ण समाजको निर्माण गर्न तथा संविधानद्वारा प्रदत्त महिलाहकको कार्यान्वयनमा समेत सहयोग पुऱ्याउने उद्धेश्यले बेसीशहर नगरपालिकाले “महिला बेसीशहर नगर समन्वय समिति(गठन तथाकार्यसञ्चालन) कार्यविधि, २०७५”तर्जुमा गरी लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** :(१) यस कार्यविधिको नाम"महिला बेसीशहर नगर समन्वय समिति (गठन तथाकार्यसञ्चालन) कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्तप्रारम्भ हुनेछ ।

**२. परिभाषा** :बिषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "अध्यक्ष"भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "उपाध्यक्ष"भन्नाले समितिको उपाध्यक्ष सम्झनु पर्छ ।

(ग) "सदस्य"भन्नाले समितिको सदस्य सम्झनु पर्छ ।

(घ) "समिति"भन्नाले दफा ३ बमोजिम गठन भएको महिला बेसीशहर नगर समन्वय समिति सम्झनु पर्छ ।

**३. समितिको गठन** :(१) महिला बेसीशहर नगर समन्वय समितिमा देहायका सदस्यहरु रहनेछन् :-

(क) बेसीशहर नगरपालिकाको उपप्रमुख - अध्यक्ष

(ख) नगरकार्यपालिकाले छनौट गरेको नगरक्षेत्रभित्रको महिला हक हीतको पक्षमा क्रियाशिल एक जना महिला - उपाध्यक्ष

(ग) प्रत्येक वडाबाट प्रतिनिधित्व हुने गरी नगरकार्यपालिकाले छनौट गरेको सक्रिय महिला ११ जना - सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ङ) प्रमुख जिल्ला अधिकारीले तोकेको सहायक प्रमुख जिल्ला अधिकारी - सदस्य

(च) जिल्लाप्रहरी कार्यालय प्रमुखले तोकेको एक जना अधिकृत प्रतिनिधि - सदस्य

(छ) विभिन्न गैर सरकारी संघसंस्थामा संलग्न

महिलाहरुमध्येबाट नगर प्रमुखले तोकेको २ जना - सदस्य

(ज)प्रमुख प्रशासकीय अधिकृतले तोकेको एक जना

फोकल पर्सन कर्मचारी - सदस्य सचिव

२.बैठकमा प्रमुख आमान्त्रित सदस्यको रुपमा नगरपालिका प्रमुखको सहभागिता रहनेछ । तथा बैठकको आवश्कतानुसार अन्य व्यक्तिहरुलाई आमन्त्रित सदस्यको रुपमा सहभागिता गराउन सकिनेछ ।

**४ समितिको काम, कर्तव्य र अधिकारः-** महिला नगर समन्वय समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) महिलासँग सम्बन्धित बेसीशहर नगरपालिका क्षेत्रमा सञ्चालित स्थानीय तह, विभिन्न सरकारी र गैरसरकारी क्षेत्रका कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयनमा सहजीकरण, समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने ।

(ख) नगरपालिका भित्र सञ्चालन गरिने कार्यक्रमहरुमा महिला लक्षित योजनाएवं कार्यक्रमहरुको तर्जुमा, प्रभावकारी कार्यान्वयन तथा अनुगमन गर्न समन्वय र सहजीकरण गर्ने,

(ग) महिला लक्षित कार्यक्रमहरुमा विनियोजित बजेटबाट लक्षित वर्ग (महिला) लाभान्वित भए नभएको अनुगमन गर्ने र कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न सहजीकरण गर्ने,

(घ) नगरपालिका,सरकारी कार्यालयहरु तथा गैरसरकारी संस्थाहरुलाई महिलावर्गको सशक्तीकरण, चेतना विकास र प्रत्यक्ष लाभान्वित हुने कार्यक्रमहरु तर्जुमा एवं कार्यान्वयन गर्न सहजीकरण गर्ने,

(ङ) नगरपालिकामा महिला विकासका लागि गठित समूह तथा सामुदायिक संस्थाहरुले सञ्चालन गर्ने महिला लक्षित कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयनका लागि आवश्यक सहयोग गर्ने,

(च) महिला विकासका लागि नगरपालिकामा क्रियाशील गैरसरकारी संस्था, सामुदायिक संस्था, समिति तथा समूहहरुको संस्थागत क्षमता विकास र

सशक्तीकरण गरी उनीहरुका माग तथा आवश्यकताहरु सम्बन्धित निकायहरुमा पुऱ्याउन सहयोग र समन्वय गर्ने,

(छ) नगरपालिका भित्र महिलाको क्षेत्रमा कार्य गर्ने संघ, संस्था तथा यसका सदस्यहरुको क्षमता विकास र सशक्तीकरण गर्ने, गराउने,

(ज)महिलाको सहभागिता, उत्थान तथा विकासका लागि नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, मुलुकी देवानी तथा फौजदारी संहिता ऐन लगायत अन्य कार्यान्वयनमा रहेका नियमावली, नीति, रणनीति, कार्यविधिहरुमा भएका व्यवस्थाहरुको बारेमा सरोकारवालाहरुलाई सुसुचित गराउने,

(झ) नगरपालिकाबाट सञ्चालित कार्यक्रमहरु कार्यान्वयनको लागि आवश्यक सहयोग उपलव्ध गराउने,

(ञ) विभिन्न संघ, संस्था तथा निकायबाट गठन हुने उपभोक्ता समिति, समूह वा संस्थामा महिलाहरुको कम्तिमा तेत्तीस प्रतिशत प्रतिनिधित्वको लागि पहल गर्ने,

(ट)लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवं परीक्षणको लागि सहजीकरण गर्ने ।

(ठ)नगरपालिकामा महिलाको लागि लक्षित कार्यक्रमको कार्यान्वयनको अवस्था तथा कुल विनियोजित बजेटको बारेमा प्रचार प्रसार गर्ने,

(ड) नेपालको संविधानमा अन्तरनिहित महिला सम्बन्धी अधिकार एवं दायित्वका बारेमा सरोकारवाला व्यक्ति वा निकायहरुलाई सूसुचित गर्ने,

(ढ) वडा समितिहरुसंग महिलाको उत्थान, विकास र सक्रिय सहभागीता सम्बन्धी सवालहरुमा समन्वय गर्ने साथै वडास्तरीय सञ्जाल गठन गरी सञ्जालहरुको क्षमता विकास गर्ने ।

(ण)महिलाको क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी संस्थाहरुको बजेट विश्लेषण गरी लैङ्गिक सवाललाई पर्याप्त रुपमा संवोधन गरे/नगरेको सम्बन्धमा अनुगमन तथा परीक्षण गर्ने,

(त)नगरपालिकाको समष्टिगत लैङ्गिक अवस्थाको विश्लेषण एवं प्रतिवेदन तयार गर्न नगरपालिकालाई सहयोग गर्ने,

(थ) लैङ्गिक हिंसामा परेका महिला तथा बालबालिकाहरुको स्थितिको अनुगमन गरी संरक्षणका लागि समन्वय गर्ने,

(द) लैङ्गिक हिंसा तथा घरेलु हिंसामा परेका महिलाहरुलाई समाजमा पुनःस्थापित गर्नका लागि आवश्यक पहल तथा समन्वय गर्ने,

(ध) संयुक्त राष्ट्रसंधको सुरक्षा परिषद्बाट पारित प्रस्ताव नं. १३२५ र १८२० को राष्टिय कार्ययोजना कार्यान्वयनमा सहजीकरण गर्ने ।

**५. समितिको बैठक सम्बन्धी कार्यविधि** :(१) समितिको बैठक १ बर्षमा कम्तीमा ४ पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तीमा तीन दिन अगाबै समितिको सदस्य सचिवले बैठकमा छलफल हुने विषयसहितको सूचना सबै सदस्यलाई दिनु पर्नेछ ।

(४) समितिको कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्ने छ ।

६. **समितिका पदाधिकारीका सेवा, शर्त एवं सुविधा सम्बन्धी व्यवस्था** : (१) समन्वय समितिमा रहने पदाधिकारी एवं सदस्य (पदेन बाहेक) हरुको कार्य अवधि बढीमा तीन बर्षको हुनेछ ।

(२) समितिका सदस्यहरुले नियमित पारिश्रमिक वा अन्य सुविधा पाउने छैनन् । तर समितिका सबै पदाधिकारीहरुले समितिको बैठक बसेको दिन कार्यपालिकाको निर्णयानुसार बैठक भत्ता तथा यातायात खर्चपाउन सक्नेछन् ।

(३) समन्वय समितिका पदाधिकारीहरुले पाउने बैठक भत्ताको रकम नगरपालिकाले उपलव्ध गराउनेछ ।

(४) समन्वय समितिको बैठक कम्तिमा तीन महिनाको एक पटक बस्नेछ ।

(५) समितिका सदस्यहरुले यस संग सम्वन्धित कार्यको लागि कुनै क्षेत्रको भ्रमण गर्नु परेमा नगरप्रमुखको आदेश अनुसार मात्र भ्रमण गर्न सक्नेछन्  तथा प्रचलित कानुन वमोजिम भ्रमण भत्ता पाउनेछन् । भ्रमण भत्ता लिनु अघि भ्रमण प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

**आज्ञाले,**
**भीम प्रसाद तिवारी**
**प्रमुख प्रशासकीय अधिकृत**